अपिहिमाल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ०८ संख्या : ५ मिति : २०८१/०४/०७

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०८१

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत मिति</u>

२०८१।०४।०४

अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस नियमावलीको नाम "अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम २ मा संशोधन</u> : अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ (यस पछि "मूल नियमावली" भनिएको) नियम २ को,-

(क) <u>खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ</u> :-

(ख) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) <u>खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ</u> :-

(ञ) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ :-

(ट) "कार्यालय" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ । सो शब्दले गाउँपालिका मतहतका वडा कार्यालय समेतलाई जनाउँदछ ।

(घ) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छ :-

(ठ) "कार्यालय प्रमुख" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्ने गरी तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(ङ) खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छ :-

(ढ) "कोष" भन्नाले अपिहिमाल गाउँपालिकाको स्थानीय सञ्चित कोष सम्झनु पर्छ । सो शब्दले कानून बमोजिम स्थापना भएका अन्य स्थानीय कोष समेतलाई जनाउँदछ ।

(च) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छ :-

(ण) "दररेट निर्धारण समिति" भन्नाले नियम १५८ बमोजिमको समिति सम्झनु पर्छ ।

(छ) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

(द) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) खण्ड (ब) झिकिएको छ

(झ) खण्ड (र) को सट्टा देहायको खण्ड (र) राखिएको छ :-

(र) "राशन" भन्नाले गाउँपालिकामा राशन सुविधा पाउने गरी नियुक्त कर्मचारी, अस्पतालका विरामी, पशुपंछी आदिको खानाका सम्बन्धमा गाउँपालिकाले तोकिदिएको जिन्शी सम्झनु पर्छ ।

(ञ) देहायको खण्ड (ह) थप गरिएको छ :-

(ह) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्छ।

३. मूल नियमावलीको नियम ८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

(१) गाउँपालिकाले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रूपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरूयोजना तयार गर्नु पर्नेछ।

४. मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (क) र (ख) सट्टा देहायको खण्ड (क) र (ख) राखिएको र खण्ड (ग) थपिएको छ :-

(क) पाँच करोड रूपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) दश करोड रूपैयाँसम्मको लागत अनुमान अध्यक्षबाट र

(ग) दश करोड रूपैयाँभन्दा बढी रकमको लागत अनुमान कार्यपालिकाबाट ।

५. मूल नियमावलीको नियम १५ को उपनियम (२) को खण्ड (क) र (ख) सट्टा देहायको खण्ड (क) र (ख) राखिएको र खण्ड (ग) र उपनियम (३) र (४) थपिएको छ :-

(क) बीस लाख रूपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) पचास लाख रूपैयाँसम्मको लागत अनुमान अध्यक्षबाट र

(ग) पचास लाख रूपैयाँभन्दा बढी रकमको लागत अनुमान कार्यपालिकाबाट ।

(३) प्रमुख प्रशासकीय अधिकृत आफैले यस नियम बोमोजिम लागत अनुमान वा नियम ६ बमोजिमको विवरण स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ । (थप)

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख प्रशासकीय अधिकृतले कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको लागत अनुमान स्वीकृत गर्न सक्नेछ । (थप)

६. मूल नियमावलीको नियम २७ को उपनियम (१) को खण्ड (ग) सट्टा देहायको खण्ड (ग) राखिएको र खण्ड (ग) को उपखण्ड (१) र (२) थपिएको छ :-

(ग) विगत दश वर्षमा एकलौटी रूपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्रयाक्टरको रूपमा प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका देहाय बमोजिमको खरिद सम्झौता गरी कार्य सम्पन्न गरेको र प्रमुख निर्माण गतिविधिको लागत अनुमानमा उल्लिखित परिमाणको कम्तीमा असी प्रतिशत वार्षिक उत्पादन दर (प्रोडक्सन रेट) वा संख्या वा परिमाणको आधारमा सम्पन्न गरेको विषेश अनुभव :-

(१) दुई करोड रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा चालिस प्रतिशत रकम बरावरको कम्तीमा एउटा,

(२) पाँच करोड रूपैयाँभन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा साठी प्रतिशत रकम बराबरको एउटा ।

७. मूल नियमावलीको नियम २७ को देहायको उपनियम (२क), (२ख), र (२ग) थपिएको छ :-

(२क) संयुक्त उपक्रम भएको बोलपत्रदाताले उपनियम (१) को खण्ड (ग) को उपखण्ड (२) बमोजिम दुई वटा खरिद सम्झौताको अनुभव पेश गरेकोमा सो संयुकक्त उपक्रमका साझेदारहरूले हासिल गरेको अलग अलग खरिद सम्झौताको अनुभवलाई गणना गर्न सकिनेछ ।

(२ख) उपनियम (१) को खण्ड (ग) बमोजिम विशेष अनुभव निर्धारण गर्दा पर्याप्त संख्यामा अनुभव प्राप्त स्वदेशी बोलपत्रदाता उपलब्ध हुन नसक्ने सुरूङ्गमार्ग, विमानस्थल जस्ता निर्माण कार्यहरू बाहेकका जटिल प्रकृतिको निर्माण कार्यको हकमा सो खण्ड बमोजिमको अनुभवको अतिरिक्त त्यस्तो कार्यमा संयुक्त उपक्रम भएको बोलपत्रदाता भए प्रत्येक साझेदार वा सब-कन्ट्र्याक्टरको रूपमा प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका न्यूनतम रूपमा कूल विशेष अनुभवको कम्तिमा दश प्रतिशत रकम बरावरको एउटा खरिद सम्झौता सफलतापूर्वक सम्पन्न गरेको विशेष अनुभव हुनु पर्ने गरी निर्धारण गर्न सकिनेछ ।

(२ग) कार्यालयले उपनियम (१) बमोजिम योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरू तय भएको, प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको सुनिश्चित गर्नु पर्नेछ।

८. मूल नियमावलीको नियम ३७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) थपिएको छः-

(१) ऐनको दफा ११ को उपदफा (२) बमोजिम एक चरणको खुला बोलपत्र आह्वान गर्दा दुई करोड रूपैयाँभन्दा बढी र पाँच अर्ब रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यको खरिदमा ऐनको दफा १५ को अवस्था बाहेक राष्ट्रियस्तरको खुला बोलपत्रको माध्यमद्वारा स्वदेशी बोलपत्रदाताहरूबीच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नु पर्नेछ ।

९. मूल नियमावलीको नियम ३७ को उपनियम (२), (३), (४), (५), (६) र (७) झिकिएको छः-

१०. मूल नियमावलीको नियम ३७क थप : मूल नियमावलीको नियम ३७ पछि देहायको नियम ३७क, थप गरिएको छ :-

३७क. स्वदेशी बोलपत्रदातालाई प्राथमिकता दिने : (१) अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा एकल रूपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई तथा स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्सा कम्तीमा पच्चीस प्रतिशत हुने गरी संयुक्त उपक्रम गरी बिदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राथमिकता दिँदा सबैभन्दा कम कबोल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अङ्क भएको फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिम स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रममा विदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म संस्था वा कम्पनीलाई स्वदेशी फर्म, संस्था वा

कम्पनीको हिस्साको अनुपातमा उपनियम (२) बमोजिम प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिन सकिनेछ ।

(४) उपनियम (१), (२) र (३) मा जनुसुकै कुरा लेखिएको भए तापनि दश अर्व रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सम्बन्धी अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा सहभागी हुन चाहने विदेशी फर्म, संस्था वा कम्पनीले स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुनु पर्नेछ ।

११. मूल नियमावलीको नियम ३८ झिकिएको :-

१२. मूल नियमावलीको नियम ३९ को सट्टा देहायको नियम ३९, राखिएको छ :-

३९ निर्माण कार्यको आर्थिक प्रस्ताव माग गरी खरिद गर्ने कार्यविधि : (१) ऐनको दफा ५९ को उपदफा (७) बमोजिम खरिद सम्झौता अन्त्य भई सोही दफाको उपदफा (९) बमोजिम त्यस्तो निर्माण कार्य खरिद गर्नु पर्दा ऐनको दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरूलाई पन्ध्र दिनको म्याद दिई आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको म्याद दिई खरिद गर्नु पर्दा सिलबन्दी आर्थिक प्रस्ताव मात्र पेश गर्नु पर्ने व्यहोरा खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम खरिद गर्ने प्रयोजनको लागि बोलपत्र सम्बन्धी कागजात तयार गर्दा खरिद सम्झौता अन्त्य हुँदाको समयसम्म डिजाइन वा लागत अनुमान अनुरूप सम्पन्न भइसकेको कार्यहरू कट्टा गरी बाँकी कामको लागि आवश्यकता अनुसारको डिजाइन वा लागत अनुमान परिमार्जन गराई नियम ६ बमोजिम स्वीकृत हुनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम आर्थिक प्रस्ताव नियम ८८ बमोजिमको प्रक्रियाबाट खोली ऐनको दफा २५ र नियम ७०, ७३ र ७४ बमोजिम आर्थिक तथा विशेष मूल्यांकन गरी न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ ।

१३. मूल नियमावलीको नियम ३९क थप : मूल नियमावलीको नियम ३९ पछि देहायको नियम ३९क, थपिएको छ :-

३९क. दुई खाम विधिबाट गरिने खरिदको कार्यविधि : (१) बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसमान खरिद वा दुई करोड रूपैयाँभन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) को प्रयोजनका लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखि सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रूपले उल्लेख गरी दुबै प्रस्तावलाई अर्को छुट्टै बाहिरी खाममा सिलबन्दी गरी बोलपत्र पेश गर्नु पर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्रसाथ संलग्न कागजातको विवरण खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम २६, २७ , २९ र  ३० बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राविधिक प्रस्ताव ऐनको दफा ३२ बमोजिमको प्रक्रियाबाट खोली दफा २३ र नियम ६८, ६९, ७१ र ७२ बमोजिम परीक्षण गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमका योग्यताको सबै आधारमा सफल हुने बोलपत्र सारभूत रूपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल हुने बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धितलाई फिर्ता गर्नु पर्नेछ ।

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता हुनेछैन ।

(७) उपनियम (४) बमोजिमको सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताको नियम ८८ बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोली ऐनको दफा २५ र नियम ७०, ७३ र ७४ बमोजिम आर्थिक तथा विशेष मूल्यांकन गरी न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ ।

१४. मूल नियमावलीको नियम ४१ को सट्टा देहायको नियम ४१ राखिएको छ,

४१. **पूर्वयोग्यताको आधार स्वीकृत गराउनु पर्ने** :  कार्यालयले पूर्वयोग्यताको प्रस्ताव आव्हान गर्नु अघि नियम २६ वा २७ बमोजिम निर्धारित पूर्वयोग्यताका आधार प्रमुख प्रशासकीय अधिकतबाट स्वीकृत गराउनु पर्नेछ।

१५. मूल नियमावलीको नियम ४३ को देहायको उपनियम (१क) थप गरिएको छ,

(१क) उपनियम (१) बमोजिम योग्यताका सबै आधार पूरा गर्ने पूर्व योग्यताका आवेदक छनौट गर्दा कम्तीमा तीनवटा योग्य आवेदक छनौट हुन नसकेमा कार्यालयले पूर्व निर्धारित पूर्व योग्यताको आधार पुनरावलोकन गरी पुनः सूचना प्रकाशन गरी योग्य आवेदक छनौट गर्नु पर्नेछ ।

१६. मूल नियमावलीको नियम ४८ को उपनियम (२) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ,

(च) ऐन, यस नियमावली र स्ट्याण्डर्ड विडिङ्ग डकुमेण्टको विपरीत नहुने गरी कार्यालयले आवश्यक ठानेका अन्य कागजात ।

१७. मूल नियमावलीको नियम ५५ को सट्टा देहायको नियम ५५ राखिएको छ ,-

५५. <u>बोलपत्र सम्बन्धी कागजात स्वीकृत गर्नु पर्ने</u> : बोलपत्र सम्बन्धी कागजात, प्रस्ताव आह्वान सम्बन्धी कागजात तयार भएपछि त्यस्तो कागजात बोलपत्र आह्वान अगावै नियम १५ बमोजिमको अधिकारीले स्वीकृत गर्नु पर्नेछ ।

१८. <u>मूल नियमावलीको नियमावलीको नियम ६३ झिकिएको छ</u> ,-

१९. <u>मूल नियमावलीको नियम ६७ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ,</u>

(३) कार्यालयले नै संशोधन गरेको कारणबाट दर्ता भइसकेको बोलपत्र संशोधन गर्नु पर्ने अवस्थामा बाहेक उपनियम (२) बमोजिमको निवेदन एक पटकभन्दा बढी दिन पाइने छैन ।

२०. <u>मूल नियमावलीको नियम ७४ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ र उपनियम (५), (६), (७), (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५), (१६), (१७), (१८), (१९) थप गरिएको छ,</u>

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको अवस्थामा वा बोलपत्रदाताले सन्तोषजनक रूपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अंक उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेशन गलत रूपमा बुझी वा नबुझी अस्वाभाविक न्यून कबोल अंक उल्लेख गरेको वा प्रारम्भिक चरणमा गरिने निर्माण कार्यको लागि बढी दरले उल्लेख गरेको (फ्रन्ट लोडिङ्ग) छ छैन भन्ने कुरा मूल्यांकन समितिले जाँच गर्नु पर्नेछ । त्यसरी न्यून कबोल अंक उल्लेख गरेको वा उपनियम (१) को खण्ड (ग) बमोजिमको अवस्थामा मूल्यांकन समितिले त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(५) मूल्यांकन समितिले ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्यांकन गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकाय वा आयोजनालाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना हुने छैन ।

(६) उपनियम (५) को प्रयोजनको लागि कार्यालय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता मध्ये कार्यालय वा आयोजनालाई आवश्यक पर्ने हदसम्मको विवरण सो निकाय वा आयोजनाबाट लिई बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात साथ पेश गर्नु पर्नेछ ।

(७) बोलपत्रदाताले आफूले गरेको अधिकतम कारोबार भएका कुनै तीन आर्थिक वर्षको निर्माण कार्यको वार्षिक कारोवार रकमको औषत वार्षिक कारोवार (टर्न ओभर) रकम बढीमा पाँच गुणाले हुन आउने रकमसम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्यांकनको आधारको रूपमा लिनु पर्नेछ । यसरी तीन आर्थिक वर्षको वार्षिक कारोबार गणना गर्दा तत्काल अघिको दश आर्थिक वर्षभित्रबाट गणना गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम वार्षिक कारोबार रकमको पाँच गुणाले हुन आउने रकम गणना गर्दा बोपत्रदाताको चालु ठेक्कको लागि वार्षिक दायित्व रकम घटाएर मात्र एकिन गर्नु पर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ भएपछि एकल वा संयुक्त उपक्रमको रूपमा पाँच वटा खरिद सम्झौता गरी सो सम्झौता बमोजिम कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवसायीले यो उपनियम प्रारम्भ भएपछि निर्माण कार्यको लागि आह्वान हुन बोलपत्र प्रक्रियामा एकल वा संयुक्त उपक्रमको रूपमा भाग लिन पाउने छैन ।

(१०) उपनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाको निर्माण कार्य सो उपनियमको प्रयोजनको लागि गणना गरिने छैन,

(क) यो उपनियम प्रारम्भ हुनु अघि बोलपत्र आह्वान भएको वा खरिद भम्झौता भएको,

(ख) यो उपनियम प्रारम्भ भएपछि बोलपत्र आह्वान भई खरिद सम्झौता भएकोमा नियम १२६ बमोजिमको कार्य स्वीकार प्रतिवेदन पेश भई स्वीकृत भएको वा

(ग) सबै प्रकारका वैदेशिक सहायतामा सञ्चालित हुने गरी बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको ।

(११) यो उपनियम प्रारम्भ भएपछि आह्वान भएको बोलपत्र प्रकृयामा भाग लिंदा निर्माण व्यावसायीले पाँच वटाभन्दा बढी खरिद सम्झौता नभएको स्वघोषणा गर्नु पर्नेछ र त्यसरी स्वघोषणा गरिएको विषयलाई कार्यालयले बोलपत्र मूल्यांकन गर्दा नियम १५९ को उपनियम (६क) बमोजिमको अभिलेखसँग भिडाउनु पर्नेछ ।

(१२) उपनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा बढीमा पच्चीस प्रतिशत सम्मको साझेदारीमा संयुक्त उपक्रममा सहभागी हुने निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रूपमा अन्तर्राष्ट्रियस्तरको पाँच वटाभन्दा बढी बोलपत्रको प्रकृयामा समेत भाग लिई सम्झौता गर्न सकिनेछ ।

तर त्यस्तो निर्माण व्यवसायिले यो उपनियम प्रारम्भ भएपछि आह्वान हुने एकै प्रकृतिको कामको लागि अन्तर्राष्ट्रियस्तरको तीनवटा वा सोभन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिई खरिद सम्झौता गरेको भएमा सो समेत पाँच वटाभन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिन सक्ने छैन ।

(१३) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता, आफूसँग चालू अवस्थामा रहेको खरिद सम्झौताको संख्या, बोलपत्र सम्बन्धी अन्य विवरण तथा कागजात सम्बन्धमा स्वयं घोषणा गरी बोलपत्र सम्बन्धी कागजातसाथ विवरण पेश गर्नु पर्नेछ । यसरी पेश भएको विवरण झुटा ठहरिएमा निजले पेश गरेको बोलपत्रलाई मूल्यांकन प्रकृयाबाट हटाई ऐनको दफा ६३ बमोजिम कालो सूचीमा राख्न लेखी पठाउनु पर्नेछ र प्रचलित कानून बमोजिम कुनै कारवाही हुनेमा त्यस्तो कारवाही समेत गरिनेछ ।

(१४) उपनियम (१३) बमोजिम बोलपत्रदाताले आर्थिक क्षमता सम्बन्धमा स्वयं घोषणा गरी कागजात तथा विवरण पेश गर्दा निजको आर्थिक क्षमतासँग सम्बन्धित नगद प्रवाहको व्यवस्था गर्न सक्ने तरल सम्पत्ति र अन्य वित्तीय स्रोत समेत खुलाउनु पर्नेछ ।

(१५) उपनियम (९) को अधीनमा रही कुनै बोलपत्रदाताले बोलपत्र पेश गर्दा पाँच वटा भन्दा बढी बोलपत्र पेश गरेमा त्यसरी पेश भएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही ठहरिएका शुरूका पाँचवटा बोलपत्रमा सम्झौता गर्नु पर्नेछ र सो भन्दा पछिका अन्य सबै बोलपत्र स्वतः मूल्यांकनको प्रक्रियाबाट हटेको मानिनेछन । यस उपनियमको प्रयोजनको लागि बोलपत्रको क्रम निर्धारण गर्दा बोलपत्र स्वीकृत भएको मितिको आधारमा निर्धारण गर्नु पर्नेछ ।

(१६) उपनियम (१५) बमोजिम खरिद सम्झौता गरेका निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौ बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र कार्यालयलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

(१७) उपनियम (१६) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा कार्यालयले त्यस्तो बोलपत्रदातालाई बोलपत्रको मूल्यांकन प्रक्रियाबाट हटाउनु पर्नेछ। यसरी मूल्यांकन प्रक्रियाबाट हटाइएका बोलपत्रदाताबाट पेश भएको बोलपत्र जमानत जफत गरिने छैन ।

(१८) उपनियम (१६) बमोजिम कार्यालयलाई जानकारी नगराएमा वा जानकारी गराउनु पर्ने अवधि व्यतीत भएपछि कार्यालयले अन्य कुनै माध्यमबाट जानकारी प्राप्त गरेमा कार्यालयले त्यस्तो बोलपत्रदाताको बोलपत्र जमानत जफत गरी निजलाई नियम १५२ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्नेछ ।

(१९) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा खुद दायित्वभन्दा सम्पत्ति बढी भएको हुनु पर्नेछ ।

२१. <u>मूल नियमावलीको नियम ७४क थप : मूल नियमावलीको नियम ७४ पछि देहायको नियम ७४क. थपिएको छ</u> :-

७४क. <u>मूल्यांकन सम्बन्धी विषेश व्यवस्था</u> : (१) मूल्यांकन समितिले प्रस्ताव मूल्यांकन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर भए नभएको सम्बन्धमा यकिन गरी त्यस्तो मुद्दा दायर भएको देखिएमा सम्बन्धित निकाय मार्फत कार्यालय समक्ष लेखि पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लेखि आएमा कार्यालयले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका

सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्यांकन गरी सक्नु पर्ने अवधिभित्र मूल्यांकन प्रक्रियामा समावेश नगर्न निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्देशन भई आएमा मूल्यांकन समितिले त्यस्तो प्रस्तावलाई मूल्यांकन प्रक्रियाबाट हटाई बाँकी प्रस्ताव मूल्यांकन गर्नु पर्नेछ ।

२२. मूल नियमावलीको नियम ७६ को उपनियम (१) को खण्ड (क) र (ख) सट्टा देहायको खण्ड (क) र (ख) राखिएको र खण्ड (ग) र उपनियम (२) र (३) थप गरिएको छ :-

(क) दश करोड रूपैयाँसम्मको प्रमुख प्रशासकीय अधिकृत,

(ख) बीस करोड रूपैयाँ सम्मको अध्यक्ष,

(ग) बीस करोड रूपैयाँभन्दा बढी कार्यपालिका ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपनियम (१) बमोजिम बोलपत्र आफैले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख प्रशासकीय अधिकृतले कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको बोलपत्र स्वीकृत गर्न सक्नेछ ।

२३. मूल नियमावलीको नियम ७९ को उपनियम (२) सट्टा देहायको उपनियम (२) राखिएको छ,-

(२) सामान्यतया पन्ध्र करोड रूपैयाँ भन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नु परेमा अन्तर्राष्ट्रियस्तरको आशयपत्र माग गर्नु पर्नेछ ।

२४. मूल नियमावलीको नियम ७९ को उपनियम (१३) सट्टा देहायको उपनियम (१३) राखिएको छ,-

(१३) उपनियम (५) बमोजिम आशयपत्रदाताको छनौट गर्दा आशयपत्र खोलेको मितिले पैतीस दिनभित्र कार्य सम्पन्न हुने गरी छनौट गर्नु पर्नेछ ।

२५. मूल नियमावलीको नियम ९१ को उपनियम (१) को खण्ड (क) र (ख) सट्टा देहायको खण्ड (क) र (ख) राखिएको र खण्ड (ग) र उपदफा (२) र (३) थप गरिएको छ :-

(क) बीस लाख रूपैयाँसम्मको प्रमुख प्रशासकीय अधिकृत, (संशोधन)

(ख) एक करोड रूपैयाँ सम्मको अध्यक्ष, (संशोधन)

(ग) एक करोड रूपैयाँभन्दा बढी कार्यपालिका । (थप)

(२) प्रमुख प्रशासकीय अधिकृले उपनियम (१) बमोजिम परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ । (थप)

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख प्रशासकीय अधिकृतले आफ्नो कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको प्रस्ताव स्वीकृत गर्न सक्नेछ । (थप)

२६. मूल नियमावलीको नियम ९४ को उपनियम (१७) सट्टा देहायको उपनियम (१७) राखिएको छ,-

(१७) सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कार्यविधि परिच्छेद-५ मा उल्लिखित व्यवस्था बमोजिम हुनेछ ।

२७. मूल नियमावलीको नियम ९५ को सट्टा देहायको नियम ९५ राखिएको छ,-

९५. सोझै खरिद सम्बन्धी व्यवस्था : (१) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (११) को अधीनमा रही देहायको सीमा नबढ्ने गरी सोझै खरिद गर्न सकिनेछः-

(क) दश लाख रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसमान,

(ख) पाँच लाख रूपैयाँसम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा,

(ग) कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेसिनरी, औजार, ईलेक्ट्रिकल डिभाइसको पाँच लाख रूपैयासम्मको मर्मत सम्भार।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पच्चीस लाख रूपैयाँसम्मको औषधिजन्य मालसमान वा नेपालमा उत्पादित मालसमान त्यस्तो मालसमानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिनेछ । यसरी सोझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसमान खरिद गर्नु पर्नेछ।

तर कुनै औषधिजन्य मालसमान उत्पादन गर्ने विश्व स्वास्थ्य संगठनबाट पूर्व योग्यता प्राप्त एकमात्र औषधि उत्पादक कम्पनी भएकोमा त्यस्तो उत्पादकबाट खरिद गर्नुपर्दा सोझै वार्ता गरी जतिसुकै रूपैयाँसम्मको भए पनि त्यस्तो औषधिजन्य मालसमान खरिद गर्न सकिनेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकैपटक वा पटक-पटक गरी सो उपनियमहरूमा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन।

(४) यस नियमावलीमा अन्यत्र जनुसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको निमन्त्रणामा नेपाल भ्रमण रहेका विदेशी मुलुकको सरकार वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अति बिशिष्ट वा विशिष्ट व्यक्तिलाई आतिथ्यता र होटलबास सुविधाको लागि पचास लाख रूपैयाँसम्म सोझै खरिद गर्न सकिनेछ।

(५) उपनियम (१) बमोजिम खरिदको हकमा संरचनात्मक वा एकाइ दर सम्झौता गरी गर्न सकिनेछ।

(६) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (ग) बमोजिम आपूर्ति गर्ने अधिकार एउटा मात्र आपूर्तिकर्तासँग भएको अवस्थामा त्यस्ता प्रोप्राइटरी मालसमानमा वा औषधिजन्य मालसमान वा आपूर्तिकर्ता वा निजका आधिकारिक बिक्रेता वा आधिकारिक एजेन्ट मार्फत खरिद गर्न सकिनेछ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयलाई आवश्यक पर्ने मालसमानको उत्पादक नेपालमा एउटा मात्र भएको र अन्य उपयुक्त विकल्प नभएमा प्रमुख प्रशासकीय अधिकृतले सोही व्यहोरा अभिलेख गरी उत्पादकसँग सोझै खरिद गर्न सकिनेछ ।

(८) उपनियमा (२) र (७) बमोजिम उत्पादकबाट सोझै खरिद गर्दा देहायका शर्तहरू पूरा गरेको उत्पादकबाट गर्नु पर्नेछ।

(क) त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको,

(ख) त्यस्तो उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छुट कार्यालयलाई दिएको।

(९) सार्वजनिक खरिद अनुगमन कार्यालयले उपनियम (७) बमोजिम खरिद भएको अवस्थामा त्यस्तो खरिदसँग सम्बन्धित उद्योगको उत्पादन लागतको परीक्षण गर्न वा गराउन सक्नेछ। त्यससरी परीक्षण गर्दा लागत अस्वाभाविक भएको पाइएमा त्यस्तो उद्योगलाई कालोसूचीमा राख्न सकिनेछ।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वदेशी घरेलु उद्योग भनी तोकिदिएको घरेलु उद्योगबाट उत्पादित पच्चीस लाख रूपैयासम्मको मालसमान कार्यालयले त्यस्तो घरेलु उद्योगसँग खरिद सम्झौता गरी सोझै खरिद गर्न सक्नेछ।

(११) कार्यालयले एक लाख रूपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेछ।

(१२) ऐनको दफा ४१ को उपदफा (१) खण्ड (घ) बमोजिमको प्रोपाइटरी मालसमान सोझै खरिद गर्दा साविक सम्झौता मूल्यको तीस प्रतिशत मूल्यसम्म खरिद गर्न सकिनेछ।

(१३) कार्यालयले अर्को कुनै सार्वजनिक निकायबाट उत्पादित वा वितरित कुनै मालसमान वा सेवा खरिद गर्नु परेमा त्यस्तो मालसमान वा सेवा उत्पादन वा वितरण गर्ने सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्न सक्नेछ।

(१४) कार्यालयले कुनै अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग कुनै मालसमान खरिद गर्नु पर्दा त्यस्तो संस्था, सरकार वा निकायबाट निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्न सक्नेछ।

(१५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले उपनियम (१३) र (१४) बमोजिम खरिद गर्नु पर्दा कुनै जमानत माग गर्नु पर्ने छैन।

(१६) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) र (ङ) को अवस्थामा बाहेक अन्य खण्डको अवस्थामा गरिएको सोझै खरिदको हकमा

कार्यालयले त्यस्तो खरिदको प्रकृति, कारण र आधार सहित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको नाम खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(१७) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (घ) को अवस्थामा खरिद गर्न एक तहमाथिको स्वीकृति लिनु पर्नेछ ।

२८. मूल नियमावलीको नियम ९९ को उपनियम (२) को खण्ड (क) र (घ) को सट्टा देहायको खण्ड (क) र (घ) राखिएको छ र उपनियम (४) थप गरिएको छ,-

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(घ) प्रतिनिधि, गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघ -सदस्य

(४) उपनियम (१) बमोजिम तयार भई स्वीकृत लागत अनुमानको आधारमा खरिद प्रकृया अगाडि बढाउँदा पहिलो पटक कुनै बोलपत्र सारभूत रूपमा प्रभावग्राही नभएमा र लागत अनुमान तयार गर्दाको अवधिमा नेपाल राष्ट्र बैंकबाट प्रकाशित हुने सम्बन्धित क्षेत्रको उपभोक्ता मूल्य सूची र कृषि उपजको साविक मूल्य सूचीमा दश प्रतिशतभन्दा बढी बढ्न गएको भएमा राशन व्यवस्था गर्नु पर्ने सम्बन्धित शाखा प्रमुखले लागत अनुमान संशोधनका लागि उपनियम (२) बमोजिमको समिति समक्ष पेश गर्न सक्नेछ र यसरी पेश भएमा सो समितिले लागत अनुमान संशोधन गर्न सक्नेछ ।

२९. मूल नियमावलीको नियम १०४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) र खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएको छ,-

(१) कार्यालयले घर जग्गा भाडामा लिनु पर्दा कम्तीमा सात दिनको अवधिको सूचना स्थानीय पत्रपत्रिका वा कार्यालयको सूचना पाटी, वेवसाइटमा सूचना प्रकाशन गरी देहायका कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्नेछ।

(क) कार्यालय,

(ख) वडा कार्यालय,

(ग) गाउँपालिका भित्रका सार्वजनिक स्थान ।

३०. मूल नियमावलीको नियम १०४ को उपनियम (२) खण्ड (क) को सट्टा देहायको खण्ड (क), राखिएको छ,-

(क) भाडामा लिने कार्यालय वा शाखाको नाम

३१. मूल नियमावलीको नियम १०४ को उपनियम (४) खण्ड (क) र (ग) को सट्टा देहायको खण्ड (क) र (ग) राखिएको छ

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ग) पूर्वाधार विकास शाखा -सदस्य

३२. मूल नियमावलीको नियम १०५ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) र खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएको छ

(३) पाँच लाख रूपैयाँसम्म सेवा शुल्क लाग्ने सेवा कार्यालयले वार्ता गरी खरिद गर्न सक्नेछ। सो रकम भन्दा बढी सेवा शुल्क लाग्ने सेवाको हकमा पन्ध्र दिनको सूचना कार्यालयको सूचना पाटी, वेवसाइट वा स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गरी देहायको कार्यालय वा स्थानमा सूचना टाँस गरी प्रस्ताव माग गर्न सक्नेछ।

(क) कार्यालय,

(ख) वडा कार्यालय,

(ग) गाउँपालिका भित्रका सार्वजनिक स्थान ।

३३. मूल नियमावलीको नियम १०५ को उपनियम (४) खण्ड (क) को सट्टा देहायको खण्ड (क), राखिएको छ,-

(क) कार्यालय वा शाखाको नाम

३४. मूल नियमावलीको नियम १०७ को सट्टा देहायको नियम १०७ राखिएको छ

१०७ उपभोक्ता समितिबाट काम गराउने कार्यविधि : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिनेछ।

(२) उपनियम (१) मा उल्लिखित एक करोड रूपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ।

(३) उपनियम (१) को प्रयोजनको लागि सम्बन्धित काम वा सेवाको प्रकृति, परिणाम, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरू खुलाई कार्यालयले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति आफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि कार्यालयले र त्यस्तो उपभोक्ता समितिले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ । त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछ :-

(क) निर्माण कार्य वा सेवाको प्रकृति, परिणाम, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि,

(ख) साठी लाख रूपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नु पर्ने योगदान,

(ग) कार्यालयले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण गर्ने,

(घ) निर्माण कार्य वा सेवा कार्यालय र उपभोक्ता समितिको सहभागितामा सम्पन्न वा उपलब्ध हुने,

(ङ) सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने,

(च) कार्यालयले उपभोक्ता समितिलाई उपलब्ध गराइने पेश्की रकम,

(छ) सम्पन्न निर्माण कार्य वा सेवाको भुक्तानीको शर्त र तरिका, र

(ज) अन्य आवश्यक कुराहरू।

(५) उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (४) को खण्ड (ग) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ।

(६) उपनियम (४) बमोजिम खरिद सम्झौता भएपछि कार्यालयले त्यस्तो समितिलाई सम्झौता रकमको बढीमा एकतिहाई रकमसम्मको अग्रिम रूपमा पेश्की दिन सक्नेछ। कार्यालयले त्यसरी दिएको पेश्कीको अन्तिम किस्ता भुक्तानी गर्नुअघि फछर्यौट गरी सक्नु पर्नेछ।

(७) उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्नुपर्नेछ।

(८) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र आफूले गरेका कामकारवाहीको सम्बन्धमा सार्वजनिक अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नु पर्नेछ।

(९) कार्यालयले उपभोक्ता समितिलाई सम्बन्धित कामको लागि प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति सो समिति आफैले करारमा नियुक्त गर्ने सक्नेछ । त्यसरी नियुक्त गरिएको प्राविधिकलाई दिनु पर्ने पारिश्रमिक कार्यालयले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नु पर्नेछ। तर त्यस्तो पारिश्रमिक लागत अनुमानको तीन प्रतिशतभन्दा बढी हुनेछैन।

(१०) उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्याइलर जस्ता हेभी मेसिनहरू प्रयोग गर्न सकिने छैन।

तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा कार्यालयबाट सहमति लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिनेछ।

(११) उपनियम (१०) को प्रतिबन्धात्मक वाक्यांश विपरीत हेभी मेसिन प्रयोग गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिनेछ।

(१२) उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन । कुनै कारणवस सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना कार्यालयलाई दिनुपर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि कार्यालयले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्नेछ।

(१३) उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि कार्यालयले खटाएको प्राविधिक कर्माचारीबाट त्यस्तो कामको जाँचपास गराई कार्यालयबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेतको कूल खर्चको विवरण कार्यालयमा पेश गर्नुपर्नेछ। कार्यालयले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरीवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी राख्नु पर्नेछ।

(१४) उपनियम (१३) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि कार्यालयले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्नेछ।

(१५) उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै रकम दुरूपयोग गरेको पाइएमा कार्यालयले छानविन गरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीहरूबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ । त्यस्तो रकम असुल उपर गर्ने कार्यमा कार्यलयलाई सहयोग पुऱ्याउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(१६) उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा कार्यालयले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविश्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखि सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्नेछ।

(१७) यस नियम बमोजिम उपभोक्ता समितिबाट काम गराउँदा कार्यालयले देहायका विषयका सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्नेछ।

(क) श्रममूलक कामको निर्धारण,

(ख) उपभोक्ता समितिको गठन विधि र काम, कर्तव्य र अधिकार,

(ग) काम वा सेवामा मितव्ययिता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका,

(घ) आम्दानी खर्चको अभिलेख राख्ने,

(ङ) काम वा सेवाको सुपरीवेक्षण र अनुगमन,

(च) निर्माण कार्यको फरफारक र जाँचपास, र

(छ) अन्य आवश्यक कुराहरू ।

(१८) उपभोक्ता समितिले उपनियम (१४) बमोजिम हस्तान्तरित आयोजनाको सेवा उपयोग गरे बापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्नेछ र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्नेछ।

३५. मूल नियमावलीको नियम १०७क थप : मूल नियमावलीको नियम १०७ पछि देहायको नियम १०७क. थपिएको छ :-

१०७क. लाभग्राही समुदायबाट काम गराउन सकिने : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाँच करोड रूपैयाँसम्म लागत अनुमान भएको देहाय बमोजिमको निर्माण कार्य लाभग्राही समुदायबीच प्रतिश्पर्धा गराई गराउन सकिनेछ।

(क) जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने,

(ख) लाभग्राही समुदायबाट गर्दा मितव्ययिता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने,

(ग) स्थानीय स्रोत, साधन र सीपको उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने,

(घ) निर्माण कार्यको मुख्य उद्देश्य गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गर्ने र त्यस्तो निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने,

(ङ) निर्माण पश्चातको आयोजनाको मर्मत सम्भार तथा सञ्चालन लाभग्राही समुदायबाट हुन सक्ने।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "लाभग्राही समुदाय" भन्नाले निर्माण कार्यबाट लाभान्वित हुने स्थानीय समूह वा समुदाय सम्झनु पर्छ र सो शब्दले सम्बन्धित निर्माण कार्यसँग सम्बन्धित लाभग्राही व्यक्तिहरूबाट प्रचलित कानून बमोजिम गठित श्रम सहकारी समेत जनाउँछ।

(२) उपनियम (१) मा उल्लिखित रकमको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश भए सो समेतको रकम समावेश हुनेछ र कार्यालयले यस नियम बमोजिम लाभग्राही समुदायलाई रकम भुक्तानी दिंदा उल्लिखित रकम कट्टा गरेर मात्र दिनु पर्नेछ।

(३) उपनियम (१) को प्रयोजनको लागि सम्बन्धित कामको प्रकृति, परिणाम, लागत अनुमान, कार्य सम्पन्न गर्नु पर्ने अवधि र अन्य आवश्यक कुराहरू खुलाई कार्यालयले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको सूचनाको आधारमा सम्बन्धित लाभग्राही समुदायले कार्यालय समक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम लाभग्राही समुदायले प्रस्ताव पेश गरेमा कार्यालयले सबैभन्दा कम कबोल गर्ने लाभग्राही समुदायसँग त्यस्तो काम सम्बन्धमा खरिद सम्झौता गर्नुपर्नेछ।

(६) उपनियम (५) बमोजिमको सम्झौतामा देहायका कुराहरू उल्लेख गर्नुपर्नेछ :-

(क) निर्माण कार्यको प्रकृति, परिणाम, लागत अनुमान, प्रत्येक कार्य इकाईमा लाभग्राही समुदायले व्यहोर्नु पर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि,

(ख) कार्यालयले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिन, नापजाँच गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने,

(ग) सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार लाभग्राही समुदायले गर्नुपर्ने,

(घ) सम्पन्न निर्माण कार्यको भुक्तानीको शर्त र तरिका,

(ङ) अन्य आवश्यक कुरा।

(७) उपनियम (३) बमोजिम सूचना प्रकाशन गर्दा लाभग्राही समुदायबीच प्रतिस्पर्धा हुने अवस्था नभएमा वा त्यस्तो सूचना प्रकाशन गर्दा कुनै प्रस्ताव पेश नभएमा कार्यालयले ऐन तथा यस नियमावली बमोजिमको अन्य प्रकृयाबाट त्यस्तो निर्माण कार्य गराउन सक्नेछ।

(८) लाभग्राही समुदायले प्रत्येक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य काजगात त्यस्तो समुदायले सञ्चालक समितिबाट अनुमोदन गराई कार्यालयमा पेश गर्नुपर्नेछ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निर्माण कार्य लाभग्राही समुदायबाट गराउन सकिने छैन :-

(क) एक आपसमा अन्तरसम्बन्धित भई एउटै प्याकेजमा काम गर्नुपर्ने प्रकृतिको निर्माण कार्यलाई खण्डिकरण गरी अलग अलग प्याकेज बनाइएको,

(ख) लागत अनुमान अनुसार श्रमिकको लागत भार पचास प्रतिशतभन्दा कम भएको,

(ग) लागत अनुमान अनुसार मेसिन औजारको लागत भार बीस प्रतिशतभन्दा भढी भएको।

(१०) यस नियम बमोजिम लाभग्राही समुदायबाट काम गराउँदा नियम १०७ को उपनियम (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५), (१६), (१७) र (१८) को व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मटाण्डिस) सहित लागू हुनेछ।

३६. <u>मूल नियमावलीको नियम ११३ को उपनियम (१) र (३) सट्टा देहायको उपनियम (१) र (३) राखिएको र उपनियम (४) थपिएको छ</u>,-

(१) ऐनको दफा ५० बमोजिम निवेदन दिने निवेदकले बोलपत्र वा प्रस्तावमा आफूले कबोल गरेको रकमको एक प्रतिशतले हुने आउने रकम बराबरको नगद रकम वा कम्तिमा नब्बे दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको नगद रकम वा बैंक जमानत पेश नभएमा पुनरावलोकन समितिले आफू समक्ष परेको निवेदन उपर कारवाही गर्नेछैन।

(४) ऐन र यस नियमावली बमोजिम निर्णय गर्दा निवेदन दाबी पुगेमा पुनरावलोकन समितिले त्यस्तो जमानत रकम निर्णय भएको मितिले सात दिनभित्र निवेदकलाई फिर्ता गर्नु पर्नेछ।

३७. मूल नियमावलीको नियम ११५ को उपनियम (२) सट्टा देहायको उपनियम (२) राखिएको र उपनियम (३) थपिएको छ,-

(२) पुनरावलोकन समितिले कार्यालयलाई खरिदसँग सम्बन्धित कागजातमध्ये उपयुक्त कागजात वा त्यसको कुनै अंश पेश गर्न आदेश दिन सक्नेछ।

(३) पुनरावलोकन समितिले आवश्यक ठानेमा पुनरावलोकनको निवेदन नदिने बोलपत्रदाता वा प्रस्तावदातालाई समेत सम्बद्ध कागजात र प्रमाण पेश गर्न अनुमति दिन सक्नेछ।

३८. मूल नियमावलीको नियम १२१ को उपनियम (१) सट्टा देहायको उपनियम (१) राखिएको छ,-

(१) खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रूपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले देहायको बीमा गराउनु पर्नेछ :-

३९. मूल नियमावलीको नियम १२१ को उपनियम (३क) थपिएको छ,-

(३क) नियम १०७ वा नियम १०७क. बमोजिम उपभोक्ता वा लाभग्राही समुदायबाट बीस लाख रूपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम (१) बमोजिम बीमा गराउनु पर्नेछ। यसरी बीमा गराउने कार्यको लागि कार्यालयले सहजीकरण गरिदिनु पर्नेछ।

४०. मूल नियमावलीको नियम १२६ को उपनियम (२क) थपिएको छ,-

(२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको हकम कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरूप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्यालयले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेछ।

४१. मूल नियमावलीको नियम १२९ को सट्टा देहायको नियम १२९ राखिएको छ

१२९. खरिद सम्झौताको अवधि थप गर्न सकिने : (१) ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी कार्यालयमा म्याद थपको लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ । त्यसरी जाँचबुझ गर्दा वा गराउँदा देहायको अवस्था देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्नेछ :-

(क) कार्यालयले निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई सम्झौता बमोजिम उपलब्ध गराउन पर्ने कुरा उपलब्ध नगराएको,

(ख) ऐनको दफा ६७क. बमोजिम कागजात झिकाएको कारणबाट काममा ढिलाई भएको, वा

(ग) विपद् वा अन्य काबु बाहिरको परिस्थितिको कारण सम्झौता बमोजिमको काम हुन सक्ने अवस्था नभएको।

(३) उपनियम (१) बमोजिम परेको निवेदनका सम्बन्धमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले यस नियम बमोजिमको म्याद थप सम्बन्धी कारवाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्र टुङ्ग्याउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम म्याद थप गरिएकोमा म्याद थप गर्ने अधिकारीले सोको विस्तृत विवरण सहितको प्रतिवेदन एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम म्याद थपको कारबाही प्रक्रिया समयमा नटुङ्ग्याउने र म्याद थप भएका खरिद सम्झौताको कार्य प्रगतिको अनुगमन, मूल्यांकन र कारबाही समयमै नगर्ने सम्बन्धित पदाधिकारी वा कर्मचारीहलाई तालुक निकायले छ महिनाभित्र प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नुपर्नेछ ।

४२. <u>मूल नियमावलीको नियम १२९क थप : मूल नियमावलीको नियम १२९ पछि देहायको नियम १२९क. थपिएको छ :-</u>

१२९क. खरिद समम्झौताको अवधि थपसम्बन्धी विशेष व्यवस्था : (१) नियम १२९ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणबाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यसता आयोजनाको निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नससेकको हो सोको पुष्ट्याइँ र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित यो नियम जारी भएको मितिले तीस दिनभित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप

अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले उपनियम (१) बमोजिम पेश भएको कार्यतालिका जाँच गरी आवश्यक देखिएमा परिमार्जन गरी पुनः पेश गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम म्याद थप सम्बन्धी निर्णय उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको तीस दिनभित्र गरिसक्नु पर्नेछ । यसरी समयमा नै म्याद थप सम्बन्धी निर्णय नगर्ने पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम थप गरिएको म्यादको पूर्व निर्धारित क्षतिपूर्ति लिइने छैन।

(५) उपनियम (१) बमोजिमको अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि थपको लागि निवेदन नदिएमा वा यस नियम बमोजिम थप गरिएको अवधिसम्म पनि निर्माण कार्य सम्पन्न नभएमा खरिद सम्झौताको अन्त्य गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम खरिद सम्झौता अन्त्य भएमा कार्यालयले ऐनको दफा ६३ बमोजिम सम्बन्धित निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ ।

(७) उपनियम (१) बमोजिम थप गरिएको अवधिमा पेश भएको कार्यतालिका बमोजिम निर्माण कार्यको प्रगति भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नु गराउनु पर्नेछ ।

(८) उपनियम (१) बमोजिम थप गरिएको अवधिको गणना म्याद थप सम्बन्धी निर्णय भएको मितिबाट कायम हुनेछ । सो मितिसम्म व्यतित भइसकेको अवधि स्वतः थप भएको मानिनेछ। माइलस्टोन तोकिएको आयोजनाको हकमा आयोजनाको मयाद थपसँगै आवश्यकता अनुसार माइलस्टोनसमेत परिमार्जन गर्न सकिनेछ।

४३. <u>मूल नियमावलीको नियम १३० मा देहायको खण्ड (ग) थप गरिएको छ</u>,-

(ग) खण्ड (क) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्नेछ।

४४. <u>मूल नियमावलीको नियम १३३ मा देहायको उपनियम (३क) थप गरिएको छ</u>,-

(३क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको कम्तीमा असी प्रतिशत काम सम्पन्न गरेको, सम्झौता बमोजिमको कार्य सन्तोषजनक रूपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम १३२ बमोजिम राखिएको रिटेन्सन मनी बापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन मनि फिर्ता दिन सकिनेछ। यसरी रिटेन्सन मनी फिर्ताको लागि पेश

गरिने बैंक जमानतको म्याद त्रुटि सच्चाउने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्नेछ।

४५. मूल नियमावलीको नियम १३४ मा देहायको उपनियम (१क), (१ख) र (२क) थप गरिएको छ,-

(१क) खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा कार्यालयले सोको यकिन गरी समयमा नै दाबी गर्नु पर्नेछ। यस्तो दाबी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराई राख्नु पर्नेछ।

(१ख) कार्यालयले उपनियम (१क) बमोजिमको अभिलेखको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई गराउनु पर्नेछ र त्यस्तो अभिलेख सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली, वेवसाइट वा अन्य उपयुक्त माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ।

(२क) उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिम अभिलेख समेत संलग्न गर्नु पर्नेछ ।

४६. मूल नियमावलीको नियम १५२क थप : मूल नियमावलीको नियम १५२ पछि देहायको नियम १५२क. थपिएको छ :-

१५२क. कालोसूचीको निर्णय कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था : सार्वजनिक खरिद अनुगमन कार्यालयले नियम १५२ बमोजिम कालोसूचीमा राखेको निर्णय उपर कुनै बोलपत्रदायताले दायर गरेको निवेदनको आधारमा कुनै अदालतबाट आदेश जारी भई कालोसूचीमा राख्ने निर्णय स्थगन भएकोमा त्यसरी कालोसूचीमा राख्ने निर्णय अदालतबाट बदर भएको अवस्थामा बाहेक त्यस्तो आदेश खारेज भएमा सोको जानकारी प्राप्त भएपछि सार्वजनिक खरिद कार्यालयले आफूले पहिले कालोसूचीमा राख्ने निर्णय गरेको मितिदेखि सो आदेश अनुसार कालोसूचीमा राख्ने निर्णय स्थगन हुन अघिसम्म निज बोलपत्रदातालाई बोलपत्रको कारवाहीमा भाग लिन निषेध गरिएको अवधि कटाई बाँकी रहने अवधिको हिसाब गरी बाँकी अवधिको लागि पूर्व निर्णय बमोजिम कालोसूचीको निर्णय कार्यान्वयन गर्नु पर्नेछ।

४७. मूल नियमावलीको नियम १५७ को उपनियम (१) को खण्ड (क), (ग) र (घ) को सट्टा देहायको खण्ड (क) (ग) र (घ) राखिएको र उपनियम (८) को सट्टा देहायको उपनियम (८) राखिएकोछ ,-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -संयोजक

(ग) प्रमुख, खरिद हुने निकाय वा वडा कार्यालय वा शाखा वा इकाईको -सदस्य

(घ) प्रमुख, प्रशासन, योजना तथा अनुगमन शाखा वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कार्मचारी -सदस्य

(८) मूल्याङ्कन समितिले यस नियममा उल्लेख भए बमोजिम प्रमुख प्रशासकीय अधिकृत समक्ष मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४८. मूल नियमावलीको नियम १५८ को उपनियम (१) को खण्ड (क), (ग), (ङ) (च) र (छ) को सट्टा देहायको खण्ड (क), (ग), (ङ) (च) र (छ) राखिएको छ ,-

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ङ) प्रतिनिधि, गाउँपालिकास्तरीय निर्माण व्यवसायी संघ -सदस्य

(च) प्रतिनिधि, गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघ -सदस्य

(छ) प्रमुख, पूर्वाधार विकास शाखा -सदस्य सचिव

४९. मूल नियमावलीको नियम १५९ मा देहायको उपनियम (६क) (६ख) र (६ग) थप गरिएको छ,-

(६क) सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद सम्झौताको अभिलेख राख्ने प्रयोजनका लागि विद्युतीय अभिलेख प्रणाली स्थापना गर्नु पर्नेछ ।

(६ख) कार्यालयले निर्माणसँग सम्बन्धित खरिद सम्झौता गरेपछि सोको संक्षिप्त विवरण प्रमाणित गरी उपनियम (६क) बमोजिम स्थापना भएको विद्युतीय प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(६ग) उपनियम (६क) बमोजिम विद्युतीय प्रणाली तयार नभएसम्मको लागि कार्यालयले उपनियम (६ख) बमोजिमको विवरण कार्यालयमा अभिलेख राखि त्यस्तो विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्नेछ ।

५०. मूल नियमावलीको नियम १६२क र १६२ख थप : मूल नियमावलीको नियम १६२ पछि देहायको नियम १६२क र १६२ख, थप गरिएको छ :-

१६२क. संशोधन तथा बाधा अड्काउ फुकाउ : (१) यस नियमावलीलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ।

(२) यस नियमावलीका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै नियमावली बमोजिम भएको मानिनेछ।

(३) मूल नियमावलीमा राखिएको गाउँपालिका भन्ने शब्दको सट्टा कार्यालय राखिएकोछ।

१६२ख. यसै नियमावली बमोजिम हुने : यस नियमावलीमा उल्लेख गरिएका विषय यसै नियमावली बमोजिम र अन्य विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

५१. मूल नियमावलीको नियम १६३ को सट्ट देहायको नियम १६३ पछि देहायको नियम १६३, राखिएको छ :-

१६३. खरेजी र बचाउ : (१) नियम २ को खण्ड (ब), नियम ३७ को उपनियम (२), (३), (४), (५), (६), (७), नियम ३८ र नियम ६३ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज गरिएका व्यवस्था बमोजिम भए गरेका काम कारवाही सयै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणिकरण मितिः

आज्ञाले,

ईन्द्र बहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँपालिका